# MARKING SCHEME (2023-2024)

## Code – 024

**विषय - नेपाली**

**कक्षा : 10**

**निर्धारित समय - 3 घण्टा** **पूर्णाङ्क - 80**

| खण्ड – 1<br>बहुवैकल्पिक प्रश्नहरू | | |
|---|---|---|
| **1.** | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका सही विकल्प छान्नुहोस्।** | 5x1=5 |
| **i.** | A.राम्रो संगत | |
| **ii.** | D.सच्चरित्रता, सदाचार | |
| **iii.** | C.संगतबाट पाएको ज्ञान | |
| **iv.** | C.देवता | |
| **v.** | C.चरित्रवान | |
| **2.** | **निम्नलिखित पद्यांश पढेर सोधिएका प्रश्नहरूको सही विकल्प छान्नुहोस्।** | 5x1=5 |
| **i.** | C.विकलाङ्ग | |
| **ii.** | D.दिमाग | |
| **iii.** | A.क्रान्ति | |
| **iv.** | A.निदाएको | |
| **v** | D.नबोल्ने | |
| **3.** | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प छान्नुहोस्।** | 10x1=10 |
| **i.** | C.अपादान | |
| **ii.** | A.ले | |
| **iii.** | C.लामखुट्टे | |
| **iv.** | D.अनेकार्थक शब्द | |
| **v.** | B.६ | |
| **vi.** | C.सानोभन्दा सानो | |
| **vii.** | C.आगार | |
| **viii.** | D.अन्त | |
| **ix.** | B.अमर | |
| **x.** | B.कर्म | |
| | **खण्ड 2 : वर्णनात्मक प्रश्न** | |
| **4.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 3x2=6 |
| **i.** | वाक्यमा जसको बारेमा केही भनिन्छ त्यसलाई उद्देश्य र उद्देश्यको बारेमा जे कुरा गरिन्छ त्यसलाई विधेय भनिन्छ। | |
| **ii.** | निर्देशअनुसार वाक्य परिवर्तन गर्नुहोस्-<br>a. जब बिहान भयो तब चराहरू उड़े।<br>b. त्यो धनी मान्छे लोभी छ। | |

| | | |
|---|---|---|
| iii. | निम्नलिखित कुनै एक वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्।<br>a. मन नपर्ने हुनु<br>b. झुक्याउनु | |
| 5. | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | गौँथलीले चामेलाई | 2 |
| ii. | आपद्-विपद् जाहीँ पनि हुँदो रहेछ। दुःख, कष्ट, मृत्यु भन्ने कुरा गाउँमा मात्र हुन्छ भन्नु गलत रहेछ। अब गाउँमै गएर हुरीले बिगारेका सबै कुराहरू बनाएर बस्ने विचार आयो।<br>**अथवा**<br>सुंगुरकै वंशानुक्रमको मानवी संस्करण, जो आफ्नो कूल, समाज, देश आदिको लागि केही बन्न वा गर्न सक्दैन। | 2 |
| iii. | डाक्टर नानोको प्रयोगशालामा तयार भएकी क्लोरिना कृत्रिम थिई जसकोमा दया, माया, भावना जस्ता मानवीय गुणहरू थिएनन् तर आमाको गर्भमा विकसित क्लोरिनामा यी सबै गुणहरू थिए। | 2 |
| iv. | मनले चाहे जति सबै कुरा गर्न र पाउन नसकिँदो रहेछ। मानिस समयसँग चल्नु पर्दो रहेछ। समयले जता पुर्यायो मानिस त्यहीअनुरूप अघि बढ्नु पर्दो रहेछ। | 2 |
| v. | जुठे दमाई र उसकी स्वास्नीबीच राम्रो सम्बन्ध थियो, जहीँ जाँदा पनि दुईजना सुख-दुःखका कुरा गर्दै सँगै हिँड्थे, कहिले काहीँ जुठे बिरामी भयो भने उसकी स्वास्नी धामी झाँक्री खोज्न हिँड्थी, बेलुकी खानपिन सकेर जुठे महाभारत विराटपर्वको श्लोप पढ्थ्यो भने स्वास्नी चाहीँ जुठो चुल्हो गर्थी।<br>चामे र उसकी स्वास्नीबीच सधैँ झगड़ा हुन्थ्यो, उनीहरूबीच कुनै दिन राम्रो सम्बन्ध थिएन, स्वास्नी झगड़ा गरेर माइततिर हिँड्थी। | 3 |
| vi. | आफ्नो बारी, गोठ, घरका काठपात, टिन, च्यादर सबै बेच्नका साथै कोरली, माउगाईहरू समेत बेच्ने र आफ्नो परिवार पाँच-छ रूपियाँसम्मको कोठा खोजेर शहरमा सर्ने, आफूले शहरमा सागसब्जी बेच्ने, कालेको बाबुले राजमिस्त्री वा बढ़ई काम गर्ने नभए चौकीदारी गर्ने, छोरा-छोरीलाई नजीकैको स्कूलमा लगाउने इत्यादि निर्णय गरेर ढुक्क भई। | 3 |
| 6. | **निम्न कुनै चार प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 4x3=12 |
| i. | ब्याङ्कमा गएर पैसा निकाल्न, अनावश्यक खर्च गर्न, देखावटी गर्न, जाँड़-रक्सी खान, तास-जुवा खेल्न, धनको फोस्रो रवाफ देखाउन, कुकुरलाई दिसा-पिसाब गराउन, अंग्रेजी तथा हिन्दी फिल्म हेर्न जस्ता नचाहिँदा कुराहरूप्रति रूचि देखाउँछन्। | |
| ii. | हाड़- मन्दिरको सुन्दर खम्बा,<br>मस्तिष्क- मन्दिरको सुनको छानो,<br>इन्द्रीय- मन्दिरको द्वार। | |
| iii. | आकाशका तारा टाड़ा देख्तामात्र सुन्दर छन्, उनीहरूमा आफ्नोपन केही छैन, सूर्यको ज्योतिमा ती ताराको अस्तित्व हराउँछ। तर, पृथ्वीका हर्के, चामे, रामे, वीरे जस्ता ताराहरूमा एकेक सूर्यको शक्ति छ। उनीहरूको विवेक ज्योतिले विश्वलाई सिँगार्न सक्छ, तर हामीले यी ताराहरूलाई चिन्न सकेका छैनौं। | |

| | | |
|---|---|---|
| iv. | वीर सपुतहरूकै कारण आज हामी शान्तिको सास फेर्न पाइरहेका छौं। उनीहरूकै योगदानले गर्दा आज हामी स्वतन्त्र भएका छौं। हामीले खाने प्रत्येक खानामा शहीदको रगत छ, हामीले फेर्ने प्रत्येक सासमा शहीदको धड्कन रहेको हुन्छ। उनीहरू नभएको भए हामी यसरी आनन्दसँग बस्न सक्ने थिएनौं। | |
| v. | प्रत्येक मानिसको दुई किसिमको सोचाइ हुन्छ -सकारात्मक र नकारात्मक।<br>सकारात्मक सोच भएका मानिसले सबै कुरा राम्रो देख्न सक्छ भने नकारात्मक सोच हुने मानिसहरूलाई जस्तै राम्रो कुरा पनि नराम्रो लाग्छ। हामीले आफ्नो मनबाट नकारात्मक भावनालाई हटाएर सकारात्मक भावना उजागर गर्न सक्नुपर्छ। | |
| 7. | **निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| i. | दिउँसो लाहुरेसँग झगड़ा पर्दा रीसको झोँकमा तँलाई नमारी छोड्दिन भन्नु,<br>राती कीरा मार्दा सेतीले नमार-नमार भनेको तथा मारिसकेपछि वैकुण्ठवास होस् भनेको छिमेकीले सुन्नु। | 2 |
| ii. | तिम्रा बाबाले तिमीलाई र भाइका लागि ब्याङ्कमा धेरै पैसा राखिदिनुभएको छ भनेर ढाँटेकी थिइन्।<br>अथवा<br>सोनामणि आदिवासी युवती थिई, उ हरिण जस्तै चञ्चल, बात गर्न कसैले नभेट्ने तर दुनियाँको छलकपटदेखि अज्ञान र अबोध थिई। | 2 |
| iii. | बाकसबाट आफ्ना लुगाफाटा सबै आँगनमा थुपारेर माचिसले जलाउने कोशिस गरेर प्रायश्चित गर्न चाहिन्। | 3 |
| iv. | जब चित्रकार बर्मनले एउटा कृत्रिम पात बनाएर रूखको हाँगामा झुण्ड्याइदियो र त्यो पात रातभरिको आँधी-बेह्रीमा पनि झरेन त्यो देखेर जुनीले जिउने प्रेरणा पाई। | 3 |
| 8. | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुइवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | 2x2=4 |
| i. | आज रमिता छ, नेपाली उपन्यासका आधारहरू, अर्थहरूका पछिल्तिर, विपना कतिपय आदि। | |
| ii. | कालेबुङको बमवस्तीमा सन् १९५६ सालमा। | |
| iii. | सम्मेलन कथासङ्ग्रह, भानुस्मारक ग्रन्थ, शिवकुमार राईका सात कथा, दियालो आदि। | |
| 9. | भूमिका- (1)<br>मुख्य विषय- (2)<br>निष्कर्ष- (1)<br>शब्दसीमा- (1) | 5 |
| 10. | पठाउनेको ठेगाना र मिति- (1)<br>सम्बोधन- (0.5)<br>पत्रको मुख्य भाग- (2)<br>निष्कर्ष वा अन्त गराइ- (0.5)<br>खाममा लेख्नुपर्ने पाउनेको नाम र ठेगाना- (1) | 5 |

| | | |
|---|---|---|
| **11.** | निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।<br><br>i. अन्तमा सत्यको जीत हुन्छ।<br>ii. यो समाचार सुने उनी दुःखी भए।<br>iii. उनी यो समयसम्ममा सुतिसके होलान्।<br>iv. म बिहानैदेखि यो काम गरिरहेको छु। | **4** |